# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १५ असार २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- १८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:३१ बजे प्रारम्भ भयो ।

(१४:३३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई विनियोजन विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(१४:३४ बजे) (राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालले प्रतिनिधि सभाबाट प्राप्त सन्देशसहितको विनियोजन विधेयक, २०८० सभासमक्ष टेबुल गर्नुभयो) ।

(१४:३४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत्तलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३३ को उपनियम (४) बमोजिम विनियोजन विधेयक, २०८० सभासमक्ष प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१४:३४ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**ः- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट रकम खर्च गर्नेसम्बन्धी अधिकार दिन सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेस गर्नुपरेको हो । प्रस्तुत विधेयकले सञ्चित कोषबाट खर्च गर्ने अधिकार विभिन्न निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ । सम्माननीय अध्यक्ष महोदयको अनुमतिले विनियोजन विधेयक, २०८० राष्ट्रिय सभा नियमावली २०७५ को नियम १३३ को उपनियम (४) बमोजिम यस सम्मानित सदनसमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१४:३६ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:३६ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१४:३६ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले पेस गर्नुभएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथिको दफावार छलफल सुरु हुन्छ । यस विधेयकमा ७ जना माननीय सदस्यहरूबाट तीनओटा दफासँग सम्बन्धित एउटा संयुक्त संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय तुलसा कुमारी दाहाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

(१४:३८ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, मुलुकी संहितासम्बन्धी केही नेपाल ऐन संशोधन गर्नको लागि बनेको विधेयकमाथि केही आफ्ना कुरा राख्न चाहन्छु । यो पहिला पनि मैले विधेयकको स्वागत गरिसकेको छु र यो आवश्यक थियो र आएको छ भनेर । यसमा दफावार छलफलको क्रममा केही कुरा राख्न चाहिरहेको छु । दफा ३६ को उपदफा (३) पछि थपिएको ३ (क) मा ६ महिनाभित्र पछि साहु र ऋणी दुवैको उपस्थिति भन्ने शब्द वा वाक्यांश थप्नुपर्ने छ । दफा ३६ को उपदफा (ख) सबै सटही क्रम मिलाउनुपर्ने छ । यो क्रमबद्ध मिलाउनुपर्ने छ । सत्यताभन्दा ठुलो कुरा केही हुँदैन । लेनदेन कारोबार गर्दा दुवै पक्ष साक्षी रहने गरी दायाँ बायाँ लेप्चे छाप गर्ने गरी स्थानीय तहले कारोबार गर्दा सत्यतासम्बन्धी आवश्यक जाँचबुझ गर्ने कुराको अनुचित चलखेलसमेत हुने सम्भावना लागेको छ ।

यसै गरी दफा २४९ पछि थप गरिएको २४९ (क) (२) को ४ उपदफा (१) वा (३) बमोजिम कसुर गर्ने वा गराउने गर्नलाई पछि ७ वर्ष कैद र ७० हजार, ७ वर्ष मात्रै राखिएको छ । यसमा ७ वर्ष कैद र ७० हजार दुवै जरिवाना भन्ने शब्द राख्नुपर्ने छ ।

यसै गरी सम्माननीय अध्यक्ष महोदय, दफा १५५ को उपदफामा वा पछि उपदफा (२) थप गरी निम्नअनुसार लेख्नुपर्नेः साहु टाट पल्टिएको अवस्थामा चैं उपदफा (२) को पीडितलाई क्षतिपूर्ति दिने क्रममा राज्यले सोधभर्ना गर्नुपर्ने छ । अन्यथा साहुबाटै, जोबाट चैं त्यो ऋण लिएको छ उसले नै तिर्ने व्यवस्था राज्यले व्यवस्था मिलाउनुपर्ने छ । हवस् त, धन्यवाद ।

(१४:४० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफाबार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूलाई आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथिको दफाबार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथिको सदनमा दफाबार छलफल गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई दफाबार छलफलको क्रममा संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय तुलसा कुमारी दाहालबाट उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:४२ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरूङ**:- सम्माननीय अध्यक्ष महोदय, मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा माननीय देवेन्द्र हमाललगायत सात जना माननीयज्यूहरूले, सदस्यज्यूहरूले संशोधन प्रस्ताव पेस गर्नुभएको विषयका सन्दर्भमा अनुरोध गर्न चाहन्छु र यसमा भर्खरै उहाँहरूको तर्फबाट माननीय तुलसा दाहालज्यूले प्रस्तुत गरिसक्नुभएको छ ।

मुलुकी देवानी, कार्यविधि संहिता, २०७४ को दफा ३६ मा उपदफा ३ (क) थप गरेकोमा सो उपदफामा रहेका ६ महिनाभित्र भन्ने शब्दहरूपछि साहु वा ऋणी दुवैको उपस्थितिमा भन्ने शब्दहरू थप गर्न माननीय सदस्यहरूले प्रस्ताव गर्नुभएकोमा, भएको सन्दर्भमा

लिखित प्रमाणित गर्ने कार्य स्थानीय तहको अधिकार क्षेत्रको विषय भएको कतिपय अवस्थामा ऋणी स्थानीय तहमा उपस्थितसमेत हुन नसक्ने अवस्था सृर्जना हुन सक्ने तथा निर्वाचित जनप्रतिनिधिहरू नै स्थानीय तहमा रहने भएकोले उहाँहरूको कार्यलाई विश्वाससमेत गर्नुपर्ने बेहोरा सम्माननीय अध्यक्ष महोदयमार्फत अनुरोध गर्न चाहन्छु ।

माननीय सदस्यहरूले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा प्रस्तुत विषयबाट थप गर्न प्रस्ताव गरिएको उपदफा ३ (ख) हटाउने गरी संशोधनको प्रस्ताव गर्नुभएको सन्दर्भमा कुनै पक्षले स्थानीय तहमा लिखित प्रमाणित गर्न ल्याएमा स्थानीय तहबाट सोको सत्यता जाँचबुझ गर्दा त्यसको विश्वसनीयता अभिवृद्धि हुने र त्यस्तो लिखितको सत्यता जाँचबुझ नगरी लिखित प्रमाणित गरेमा समाजमा हाल देखिएको विकृति कायमै रहने हुँदा माननीय सदस्यहरूले प्रस्ताव गर्नुभएको लिखतबमोजिमको कारोबारको सत्यता जाँचबुझ गर्ने व्यवस्था विधेयकबाट हटाउन उपयुक्त हुने नदेखिएको बेहोरा सम्माननीय अध्यक्ष महोदयमार्फत अनुरोध गर्न चाहन्छु ।

माननीय सदस्यहरूले मुलुकी अपराध संहिता, २०७४ मा थप गरिएको दफा २४९ (क) को उपदफा (४) मा रहेका सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्थाको सट्टा सात वर्ष कैद र सत्तरी हजार रुपैया जरिवाना हुने गरी प्रस्ताव गर्नुभएको रहेछ । कसुरको गम्भीरता हेरी सजाय निर्धारण गर्ने हाम्रो अभ्यास रहेको सन्दर्भमा प्रस्तुत संशोधनबाट समेत कसुरको गम्भीरता हेरी सजायमा कम बेसी हुन सक्ने गरी सजाय तोक्ने व्यवस्था गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ ले पनि अपवादबाहेक माथिल्लो हदसम्म सजाय तोकेको सन्दर्भमा प्रस्तुत विधेयकमा समेत सोहीबमोजिम माथिल्लो हदसम्मको सजायको व्यवस्था गरिएको बेहोरा सम्माननीय अध्यक्ष महोदयमार्फत अनुरोध गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरूले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा (१) पछि उपदफा (२) थप गरी साहु टाट पल्टेको अवस्थामा पीडितले पाउनुपर्ने रकम पीडित क्षतिपूर्ति कोषबाट शोधभर्ना स्वरूप दिनुपर्ने भन्ने विषय थप गर्न प्रस्ताव गर्नुभएको रहेछ । कसुरबाट पीडितलाई फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ४८ बमोजिमको कोषबाट अन्तरिम क्षतिपूर्ति राहत वा क्षतिपूर्ति दिने विषय रहेको हुँदा व्यक्ति, व्यक्ति बिच भएका लेनदेनको रकमलाई समेत उक्त कोषबाट रकम भराइ दिन के सान्दर्भिक होला र?

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ग) मा सङ्घीय संसदको दुवै सदनले स्वीकार गरेको अध्यादेश दुवै सदनको बैठक बसेको

६० दिनपछि स्वतः निष्क्रिय हुने व्यवस्था रहेको छ । अध्यादेशले गरेको कानुनी व्यवस्थालाई निरन्तरता दिन सङ्घीय संसदको दुवै सदनमा पेस भएको मितिले सम्वत् २०८० असार २१ गते ६० दिन पुग्ने भएकोले सो अवधिभित्र विधेयक दुवै सदनमा पारित भई राष्ट्रपतिबाट प्रमाणीकरणसमेत भइसक्नुपर्ने अवस्था रहेको छ ।

अन्त्यमा मुलुकी देवानी संहिता, २०७४ को मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरी सर्वोच्च अदालतलगायतको निकायको राय, परामर्श माग गरिएको छ । सरोकारवाला निकायबाट प्राप्त राय, सुझाव प्राप्त भएपछि उक्त विधेयक सङ्घीय संसदमा पेस हुने नै हुँदा सो बखतसमेत सम्बन्धित विधेयकमा छलफल गर्ने अवसर माननीय सदस्यहरूलाई प्राप्त हुने नै हुँदा हाललाई माननीय सदस्यहरूले प्रस्ताव गर्नुभएको संशोधन फिर्ता लिई प्रस्तुत विधेयक पारित गर्न सहयोग पुऱ्याइदिनुहुन सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

(१४:४७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथिको सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथि प्राप्त संशोधन प्रस्तावलाई निणर्यार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब म "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय तुलसा कुमारी दाहाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

(१४:४८ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकमा हामीले जे संशोधन राखेका छौँ । यो उचित नै छ । यसमा चाहिँ महत्त्वपूर्ण कुरा भनेको यहाँ विधेयकमा आएको कुरा चाहिँ राज्यले क्षतिपूर्ति दिने कुरामा चाहिँ हामीले साहु टाट पल्टेको अवस्थामा मात्रै क्षतिपूर्ति चाहिँ राज्यले दिनुपर्छ । र साहुबाटै चाहिँ उसलाई क्षतिपूर्ति भरणी हुन व्यवस्था गर्नुपर्छ भन्ने कुरा ।

अर्को चाहिँ यसलाई अलिकति कडा गर्नको निम्ति यो चाहिँ रकम र कैद दुइटै सजाय चाहिँ राखुपर्छ भन्ने कुरो उचित नै भएको हुँदा यो संशोधनसहित पारित गर्नको निम्ति म अनुरोध गर्छु ।

(१४:४८ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय तुलसा कुमारी दाहालले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" को दफा ३, ४ र ५ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

(प्रतिपक्ष दलका माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

(सत्तापक्षका माननीय सदस्यहरूले "हुन्न" भन्नुभएको) ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" को दफा ३, ४ र ५ माथि संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय तुलसा कुमारी दाहालले पेस गर्नुभएको संशोधन प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ६ सम्मका दफाहरू "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

(सत्तापक्षका माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

("हुन्न" भन्ने आवाज नसुनिएको) ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि ६ सम्मका दफाहरू बहुमतले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

(माननीय सदस्यहरू, "हुन्छ" भन्नुहोस् भनेपछि त हात ठड्याएर हुँदैन नि त । शब्द पनि प्रयोग गर्नुपर्छ अबदेखि ख्याल गरियो होला) ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

__प्रस्तावना__ः अनुचित लेनदेनसम्बन्धी कार्यलाई कसूर कायम गर्नको लागि मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. __संक्षिप्त नाम र प्रारम्भः__ (१) यस ऐनको नाम "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

("हुन्न" भन्ने आवाज नसुनिएको) ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको बिधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१४:५२ बजे) <u>**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरूङ**</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१४:५२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० आजै अबको ४१ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै अबको ४१ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:५३ बजे ।**